राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १८८ | २०८२ चैत ९ गते सोमवार | (Monday, 23 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## चैती छठ पर्व :
# आज दोस्रो दिन खरना मनाइँदै

**पुनम कुमारी सिंह**

*गौशाला, चैत्र ९ गते ।*

सूर्य उपासनाको चार दिने महापर्व चैती छठ व्रतअन्तर्गत आज (सोमवार) दोस्रो दिन खरना पर्व मनाइँदै छ ।

आईतवारदेखि सुरु भएको चैती छठ पर्वको आज दोस्रो दिन साँझपख घरघरमा कूल देवताको पूजा गर्दै भगवान सूर्य देवता र छठी मातालाई छठ पर्व स्वीकार गर्नका लागि आगमनको निम्तो दिएर खरना पर्व मनाउन लागिएको जलेश्वर नगरपालिका-१ स्थित जलेश्वरनाथ महादेव मन्दिरका सहायक पूजारी कामेश्वर पाठकले बताए ।



खर्नाका दिन मिथिलानी व्रतालुहरु दिनभरि निर्जल एवं निराहार उपबास बसेर साँझपख घरघरमा खीर, पूरी, लरु (लड्डु), केरा, तुलसीको पातको प्रसाद तयार गरी कूल देवताको पूजा गरेर सूर्य भगवान् र छठी मातालाई चैती छठ पर्वको निमन्त्रण दिनुका साथै प्रसाद (नेउज) चढाउने चलन रहेको गौशाला-१ की व्रतालु सुनिता महतोले बताइन् ।

यस दिनमा व्रतालु महिला खरना पर्व मनाइसकेपछि राति आफूले भने अरवा अरबाईन (विना नुन हालेको) खानेकुरा मात्रै खाने गर्दछन् । जसमा खीर, पुरी, केरालगायत वस्तुहरु समावेश हुन्छ ।

धार्मिक विधिपूर्वक चार दिनसम्म मनाइने चैती छठ पर्व महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत भारतीय भूभागमा पर्ने सम्पूर्ण मिथिलाञ्चलभरि धुमधामका साथ मनाईन्छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको जलेश्वर नगरपालिका-५ का संस्कृतिविद् ध्रुव रायले बताए ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

पर्वको पहिलो दिन आईतवार व्रतीहरुले नहा खा अर्थात नुहाएर खाने अर्थात जीऊ चोख्याउने काम गरेका थिए भने पर्वको दोस्रो दिन आज सोमवार खर्ना मनाइरहेका छन् ।

त्यस्तै षष्ठी एवं चैती छठ पर्वको मुख्य दिन मंगलवार साँझ गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान पिसान गरी सोबाट

- बाँकी पृष्ठ ३ मा

# विद्यार्थीहरु किन भए आन्दोलित ?

**सुरेश बिडारी**

*वीरगन्ज, चैत्र ९ गते ।*

वीरगन्जमहानगरपालिका-१० स्थित हरि खेतान बहुमुखी क्याम्पसमा आइतबारदेखि कक्षा १२ को प्रिबोर्ड परीक्षा थियो । क्याम्पस प्रशासनले जारी गरेको पूर्व सूचना अनुसार विद्यार्थी क्याम्पस पनि पुगे । परीक्षाका लागि तोकिएका कोठा कक्षामा पनि बसे ।

बिहान ७ बजेदेखि नै परीक्षा सुरू हुने भनिएको थियो । परीक्षा हलमा कपी पनि वितरण भयो तर प्रश्न पत्र वितरण भएन ।

विद्यार्थीले केहीबेर धैर्य गरे । केही विद्यार्थीले क्याम्पस प्रमुख लगायत शिक्षक प्राध्यापकसँग परीक्षा सुरू गराउन माग गरे । परीक्षा सुरू हुने छाँटकाट नदेखिएपछि केही विद्यार्थी घर फर्किए भने केही प्रदर्शनमा ओर्लिए ।

सुरूमा विद्यार्थीले क्याम्पसको मुख्य गेटअघि प्रदर्शन गरे । त्यहाँ प्रहरी र विद्यार्थीबीच केहीबेर घम्साघम्सी भयो । प्रहरीले विद्यार्थीका दुई जना अगुवालाई भ्यानमा हालेर आदर्शनगर चोकतर्फ लग्यो ।

जिल्ला प्रहरी कार्यालय डिएसपी हरिबहादुर बस्नेतले आन्दोलनको नेतृत्व गरिरहेका दुई जना विद्यार्थीलाई 'आइसोलेट' गरिएको बताए । त्यसपछि विद्यार्थीको एउटा समूह घन्टाघरतर्फ अघि बढ्यो । उनीहरूले घन्टाघर चोकमा टायर बालेर प्रदर्शन गरे । कलम, स्ट्याम्प बक्स, स्केल लगायत परीक्षामा प्रयोग गरिने सामग्री सडकमा राखे । मानव साङ्लो बनाएर केहीबेर वीरगन्जको मुख्य सडक अवरूद्ध पारे ।




अर्को समूहले क्याम्पसको मुख्य गेटमा धर्ना जारी राख्यो । उनीहरूले सडकमै बसेर विरोध जनाइरहेका थिए । उनीहरुले व्यवस्थापन समिति, क्याम्पस प्रमुखको विरोधमा नाराबाजी समेत गरे ।

ठाउँ ठाउँमा विद्यार्थीले गरेको प्रदर्शनका कारण वीरगन्ज अशान्त बन्यो । आक्रोशित विद्यार्थीले आफूहरूले क्याम्पस आउन जान प्रयोग गर्ने ना १ क २८८७ नम्बरको बस तोडफोड गरेका थिए ।

क्याम्पस प्रशासनले फाल्गुन २५ गते जारी गरेको सूचनामा चैत १ गतेदेखि नै प्रिबोर्ड परीक्षा हुने भनिएको थियो । तर फाल्गुन २९ गते परीक्षा सरेको जानकारी गराउँदै चैत ८ देखि सुरू हुने भनी सूचना जारी भयो ।

सूचनामा परीक्षा सर्नुको कारण केही उल्लेख छैन । कक्षा १२ को बिहान ७ बजेदेखि र कक्षा ११ को दिउँसो १ बजेदेखि परीक्षा समय तोकिएको थियो । विद्यार्थी आन्दोलित भएपछि भने क्याम्पस प्रशासनले परीक्षा स्थगन भएको सूचना निकालेको छ ।

विद्यार्थीहरूले क्याम्पसमा अध्यापन भन्दा बढी राजनीति चलिरहेको बताए । क्याम्पस प्रशासन, व्यवस्थापन समिति,

- बाँकी पृष्ठ ३ मा






द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकिय............

# इन्धन संकट र महँगी नियन्त्रण

इन्धन केवल यातायातका साधन चलाउने तरल पदार्थ मात्र होइन, यो आधुनिक अर्थतन्त्रको मेरुदण्ड हो । यसको आपूर्ति वा मूल्यमा हुने सानो उतार-चढावले समेत समग्र अर्थतन्त्रलाई गहिरो प्रभाव पार्छ । हाल इन्धनको मूल्यवृद्धिसंगै ढुवानी खर्च बढेको छ । जसको सीधा असर उत्पादन लागतमा परेको छ । फलस्वरुप बजारमा वस्तु तथा सेवाको मूल्य उकालो लागेको छ र यसको सबैभन्दा ठूलो मार आम उपभोक्ताले ब्यहोर्नुपरेको छ । यातायात व्यवसायीले भाडा समायोजनको माग गर्नु स्वभाविक हो, तर यसले महँगीको चक्रलाई अझ तीव्र बनाउने जोखिम पनि उत्तिकै छ । यस्तो अवस्थामा सरकारले तत्कालीन र दीर्घकालीन दुवै खालका प्रभावकारी उपाय अवलम्बन गर्न ढिला गर्नुहुँदैन । तत्कालका लागि सरकारले इन्धन खपत घटाउने नीति लागू गर्नुपर्छ । सार्वजनिक सवारी साधनको प्रवर्द्धन, सवारी साधनको जोरविजोर प्रणाली, कार्यालय समय व्यवस्थापन र अत्यावश्यक बाहेकका इन्धन खपतमा नियन्त्रण जस्ता उपायहरु प्रभावकारी हुन सक्छन् । साथै, बजार अनुगमनलाई कडाइ गर्दै कृत्रिम अभाव र मूल्यवृद्धि नियन्त्रण गर्नुपर्छ । उपभोक्तालाई पनि इन्धनको मितव्ययी प्रयोगतर्फ सचेत गरिनु आवश्यक छ ।

तर दीर्घकालीन समाधानका लागि नीतिगत रुपान्तरण अनिवार्य छ । नेपालजस्तो जलस्रोतमा धनी देशले आयातित पेट्रोलियम पदार्थमा निर्भर रहिरहनु दीगो समाधान होइन । विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न कर छुट, पुर्वाधार विस्तार-चार्जिङ स्टेशन) र सहुलियतपूर्ण कर्जा जस्ता कार्यक्रम ल्याउनुपर्छ । यसले इन्धन आयातमा निर्भरता घटाउने मात्र होइन, वातावरणीय संरक्षणमा समेत योगदान पुर्‍याउँछ ।


त्यसैगरी, भान्सामा प्रयोग हुने ग्यासको विकल्पका रुपमा विद्युतीय चुलोको प्रयोगलाई व्यापक बनाउन आवश्यक छ । ग्यासमा दिइँदै आएको अनुदानलाई क्रमश: विद्युतीय उपकरणमा स्थानान्तरण गर्ने नीति प्रभावकारी हुन सक्छ । यसले दीर्घकालमा ऊर्जा सुरक्षा बलियो बनाउनेछ । यद्यपि, विद्युत् उत्पादन तत्कालै उल्लेख्य रुपमा बढाउन सकिँदैन भन्ने यथार्थलाई स्वीकार्दै योजनाबद्ध रुपमा उत्पादन, प्रसारण र वितरण प्रणाली विस्तार गर्नुपर्छ । यसतर्फ ठोस लगानी र स्पष्ट कार्ययोजना आवश्यक छ ।

यसरी, इन्धन संकट केवल आपूर्ति वा मूल्यको समस्या होइन, यो नीति, प्राथमिकता र दूरदृष्टिको परीक्षण पनि हो । यदि अहिलेको संकटबाट पाठ सिकेर सही दिशामा अघि बढ्न सकिएन भने भविष्यमा अझ गम्भीर आर्थिक चुनौतीहरु सामना गर्नुपर्नेछ । अब बन्ने नयाँ सरकारले सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न महँगी नियन्त्रणलाई उच्च प्राथमिकतामा राख्दै जनतालाई राहत दिने साहसिक र व्यवहारिक निर्णय लिनु अपरिहार्य छ ।

## राशिफल

मेष - साथीले राम्रो साथ दिनेछ ।
वृष - काम सम्पादन हुनेछन् ।
मिथुन - दाम कमाउने बेला छ ।
कर्कट - सुधार गर्ने मौका छ ।
सिंह - प्रशस्त धन लाभ हुनेछ ।
कन्या - राम्रै फाइदाको योग छ ।
तुला - प्रशंसकहरू बढ्नेछन् ।
वृश्चिक - चिताएको काम बन्नेछ ।
धनु - सम्मान पाइने समय छ ।
मकर - काममा साथ दिनेछन् ।
कुम्भ - पाठनमा प्रगति हुनेछ ।
मिन - मौका मिल्न सक्छ ।

# कांग्रेसमा बढ्यो समानान्तर गतिविधि
# कसरी जोगिएला फुटबाट ?



- अस्मिता पराजुली

जेनजी आन्दोलनपछिको तीन महिना गलफत्तीमा बिताएको नेपाली कांग्रेसले पुस अन्तिम साता दोस्रो विशेष महाधिवेशन गरेर सच्चिएको सन्देश दियो । महाधिवेशनको डेढ महिनामै सभापति गगन थापासहितले चुनावको सामना गर्नुपर्‍यो ।

पार्टीबाट पाखा लागेको शेरबहादुर देउवा नेतृत्वको विशेष महाधिवेशन विरोधी पक्ष अदालत गएर मौन बस्यो । निर्वाचनमा नयाँ शक्तिको कडा टक्कर र आन्तरिक द्वन्द्वका कारण १६५ क्षेत्रमा उम्मेदवार उठाएको कांग्रेस प्रत्यक्षतर्फ १८ सिटमा खुम्चियो । समग्रमा ३८ सिट जितेको कांग्रेसका लागि यो इतिहासकै ठूलो धक्का थियो ।

कतिसम्म भने विशेष महाधिवेशनबाट सभापति बनेका गगनकुमार थापासहित सबै पदाधिकारी पराजित भए । अप्रिय नतिजाको नैतिक जिम्मेवारी लिँदै सभापति थापाले बुधबार राजीनामाको घोषणा गरिसकेका छन् ।

उपसभापति विश्वप्रकाश शर्माले उनको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव शुक्रबार नै केन्द्रीय कार्यसमिति बैठकमा पेश गरे । शुक्रबारदेखि सुरु भएको बैठकले विभिन्न ८ आधार दिँदै आइतबार गगनको राजीनामा अस्वीकृत गर्ने निर्णय लिएको छ ।

पार्टी बैठकले २१ क्षेत्रमा गुटबन्दीकै कारण हारे व्यहोरेको निष्कर्ष निकालेको छ । गुटबन्दीकै कारण निर्वाचनमा सभापति थापाले प्रतिस्पर्धा गरेको सर्लाही-४ र निवर्तमान सभापतिको क्षेत्र डडेल्धुरा गएका नैनसिंह महर हारेको निचोड कांग्रेसको छ ।

उनीहरू दुवैलाई हराउन देउवा नेतृत्वको इतर पक्षले सामदाम दण्डभेदको गरेको बुझाइ कांग्रेस नेतृत्वको छ । गगनलाई हराउन गरिएका प्रयासका प्रमाण सामाजिक सञ्जालमै सार्वजनिक भए । उता सिंगापुरबाटै देउवाले सयौँजनालाई फोन गरेर कांग्रेस उम्मेदवार महरलाई भोट नहाल्न भनेको खबर पनि आइसकेको छ । तर यस कुरालाई महरले भने स्वीकारेका छैनन् । उता गगन भने चुनावमा हारेपछि अहिलेसम्म सार्वजनिक रुपमा बोल्न सकेका छैनन् । 'मलाई विपक्षी दलको नेताले समेत मत हालेको विश्वास छ, अरु धेरै बोल्न आवश्यक ठान्दिनँ,' ३४ वर्ष लामो कांग्रेसको लिगेसी गुमाएका महरले भने ।

निर्वाचनको नतिजा आएलगत्तै इतर पक्षका नेता मीन विश्वकर्माले शेरबहादुर देउवा र थापा गरि कांग्रेसमा दुई सभापति रहेको बताए । राष्ट्रियसभा सदस्य कृष्णप्रसाद सिटौला र जीतजंग बस्नेतले पनि विशेष महाधिवेशनको औचित्य नरहेको टिप्पणी गरेका छन् ।

यसले कांग्रेस अब अर्को शक्ति संघर्षमा गएर औपचारिक फुटतर्फ धकेलिने जोखिम बढाएको छ । आइतबार सानेपामा संस्थापनको बैठक चलिरहँदा इतर पक्षले धुम्बाराहीमा आफ्नो रणनीति बनाइरहेको थियो ।

विशेष महाधिवेशन इतर पक्षको गतिविधि अब समानान्तर कमिटी सक्रिय बनाउनेतिर अघि बढेको छ । आइतबार निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा धुम्बाराहीमा कार्यसम्पादन समितिको समानान्तर बैठक बस्यो । यस बैठकले देउवा र शेखर कोइरालानिकट चौधौँ महाधिवेशनको कार्यसमिति बोलाउने निर्णय नै गर्‍यो ।

बैठकमा खड्का, डा. शेखर कोइराला, शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजय गच्छदार, बालकृष्ण खाण, ज्ञानेन्द्र बहादुर कार्की, डा. प्रकाशशरण महत, डा. मीनेन्द्र रिजाल, धनराज गुरुङ, जीवन परियार र बद्री पाण्डेलगायत सहभागी थिए ।

उपचारका लागि सिंगापुर गएका सभापति देउवा अर्को हप्ता नेपाल फर्किने तयारीमा छन् । देउवानिकट नेता गुरू बरालका अनुसार देउवा फर्किएपछि कार्यसमिति बैठक बोलाएर पन्ध्रौँ महाधिवेशनको मिति तय गरिनेछ । देउवा अहिले हङकङ पुगेका छन् । उनी नेपाल फर्किएपछि उनको पक्षले अझै सक्रियता बढाउने तयारी गरेको छ ।

विशेष महाधिवेशनबाट बनेको थापा नेतृत्वको टोलीलाई वैधानिक नमान्ने स्पष्ट पार्दै बरालले भने, 'निर्वाचनको समयमा पार्टीको मत घट्ने भएकाले हामी शान्त बसेका थियौँ, अब नियमित अधिवेशनमार्फत कांग्रेसलाई एकताबद्ध र बलियो बनाउनेछौँ,' साथै संरचनागत सुधारमार्फत् पार्टी सुदृढ बनाउने तयारी रहेको उनले सुनाए ।

थापा र विश्वप्रकाश शर्मा कुनै शक्तिको स्वार्थमा परेकै कारण फाल्गुन २१ को निर्वाचनमा पार्टीले ठूलो हार व्यहोर्नु परेको उनको आरोप छ । यी घटना हेर्दा कांग्रेसका दुई पक्ष यतिबेला समानान्तर मुद्दामा बहस चलाइरहेको देखिन्छ । यही कारण यतिबेला कांग्रेसमा पुनः फुट आउने आशंका समेत हुन थालेको छ ।

**विश्लेषकको टिप्पणी**

उक्त आंशकाबारे राजनीतिक विश्लेषक पुरञ्जन आचार्य पार्टी एकताका लागि गर्नुपर्ने प्रयास छोडेर यसरी एक अर्कालाई सिध्याउन लाग्दा पार्टीले ठूलो क्षति व्यहोर्नुपर्ने बताउँछन् ।

'पार्टी एकताका लागि पर्याप्त प्रयास गर्नुपर्नेमा यहाँ तँ-तँ म-म चलेको छ । निकट भविष्यमै महाधिवेशन, त्यसपछि स्थानीय निकाय र प्रदेशको निर्वाचन छ । पार्टीले ठूलो क्षति व्यहोर्न सक्छ', उनले चिन्ता व्यक्त गर्दै भने ।

यतिबेला कांग्रेस तीनतिर लागेको उनको बुझाइ छ । 'अहिले एउटा कांग्रेस अदालतमा छ, एउटा सिंगापुर र हङ्कङमा छ, अर्को चाहिँ कांग्रेसको पार्टी अफिसतिर छ,' उनले कटाक्ष गर्दै भने, 'सबैलाई जोड्ने काम अहिलेका सभापतिको हो । कांग्रेसलाई एकताबद्ध गरेर आउने दिनका चुनौतीलाई फेस गर्न सबै पक्षलाई उनले पहल गर्नुपर्थ्यो ।' पार्टीलाई एक बनाउन पहल गर्ने पक्ष नै राजीनामा दिएर कमजोर बन्दा कांग्रेस विघटन र विद्रोहतिर जाने सम्भावना देखिएको उनले बताए । 'कांग्रेसमा अहिले निकै ठूलो अन्योल देखिएको छ । यो अन्योल चिरेर अगाााडि बढ्न एकपटकलाई जे-जस्तो भयो, सही-गलत जे भयो, त्यसलाई आत्मसात गरेर जानेबाहेक अन्य विकल्प छैन,' उनले सुझाए ।

अन्यथा, पार्टीको अस्तित्व नरहने उनले चेतावनीसमेत उनले दिए । यस्तै अर्का विश्लेषक जैनेन्द्र जीवन भने निर्वाचन आयोगले वैधानिकता दिइसकेको नेतृत्वलाई अवैधानिक भन्नु निरर्थक रहेको तर्क गर्छन् । 'करिब ६० प्रतिशत प्रतिनिधिको समर्थन र निर्वाचन आयोगको मान्यता पाएको कार्यसमितिलाई अवैध भन्न मिल्दैन । त्यसो हो भने त अब अब १३ औं महाधिवेशनको समूहले पनि दाबी गर्दा भयो, त्यसो गर्न मिल्दै मिल्दैन', उनले भने ।

निर्वाचन समीक्षा लगायत नयाँ कार्यसमितिको कामकारवाही चित्त नबुझे अरू बाटो अपनाएर समाधान खोज्न उनको सुझाव छ । 'केही निर्णयमा चित्त नबुझे विज्ञप्ति निकाल्दा पनि हुन्छ । अझ असहमतिका कुरामा विशेष बैठक बोलाएर छलफल गर्न सके झन् राम्रो हुन्छ । पार्टीमा फरक धार देखिँदैन,' उनले भने ।

निर्वाचन नतिजा बिग्रिएको सवालमा उनले विगतको नेतृत्वलेसमेत जिम्मेवारी लिनुपर्ने उनले प्रष्ट पारे । दोस्रो विशेष महाधिवेशनमा एक समूह चोइटिएसँगै पार्टी उतिबेलै फुटिसकेको उनले दावी गरे ।

'अस्ति भर्खर ६० प्रतिशत प्रतिनिधिले गगन थापालाई चुनेको हो । अब फेरि अर्को भोट आउँदैन नि । दुवै पक्षले सहमतिको बाटो खोज्नुभन्दा नेतृत्वबाट हट्नुपरेको तुष पाल्दा फुटिसकेको पक्ष खिइँदै बिलीन भएर जान्छ,' देउवा पक्षलाई उनले चेतावनी दिए ।

विशेष महाधिवेशन पक्ष नै पार्टीका रुपमा कायम हुने अवस्था रहेकाले अहिले निरर्थक शक्ति सङ्घर्ष चलिरहेको उनले बताए ।

'भोलि सबै एक ठाउँमा आउनु नै छ । आफैँलाई समस्या हुने काम गर्न हुँदैन,' उनले भने । पार्टीलाई अन्तरद्वन्द्वबाट निकालेर स्थानीय निर्वाचनसम्म सामूहिक बलमा वैकल्पिक शक्तिलाई चुनौती दिनसक्ने गरी सबल हुन अब ढिला गर्न नहुने उनको भनाइ छ ।

'देउवाका छोराको उमेरको मान्छे प्रधानमन्त्री बन्दै गर्दा पुरानै नेतृत्व दोहोरिन्छ भन्ने छैन । पार्टी कब्जा गर्ने भन्ने छ, तर पार्टीमा त जो सक्रिय छ जो ऊर्जाशिल छ त्यो आउँछ,' उनले भने ।

पन्ध्रौँ महाधिवेशनमार्फत नयाँ नेतृत्व चुनेर पार्टीको विरोधाभाष टुङ्ग्याउँदै सत्ताको मोह त्यागेर संगठन मजबुत बनाउन लाग्नुपर्नेमा उनको जोड छ ।

'पन्ध्रौँ महाधिवेशन जतिसक्दो छिटो गर्नुपर्छ, त्यसले पार्टीको अर्को खेमाले पनि विरोध गर्न पाउँदैन । निर्वाचित कार्यसमिति बन्छ । अब पाँच वर्ष कांग्रेसले सत्ताको लोभ नगरी संगठन बनाउन लाग्नुपर्छ,' उनले भने ।

## आठ महिनामा करिब ११ खर्ब व्यापार...


विभागका अनुसार पछिल्लो आठ महिनामा ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ।
त्यस्तै, ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, २३ अर्ब ४९ करोड ६७ लाखको सुन, १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ।
नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ। पछिल्लो आठ महिनामा ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ। त्यस्तै, नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची, छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ।
उनका अनुसार निषेधाज्ञा लागु गरिएका क्षेत्रहरूमा पूर्वमा लबनी चोक, पश्चिममा बर्दघाटको पुल, उत्तरमा पचेहरा चोक र दक्षिणमा धर्मभक्त माध्यमिक विद्यालय, भनी क्षेत्रभित्र कुनै पनि प्रकारका भेला, सभा, जुलुस तथा प्रदर्शन गर्न पाइने छैन। निषेधाज्ञा आदेशको उल्लंघन गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानुन बमोजिम कारबाही समेत गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## छब्बिस वर्षपछि खानेपानी आयोजना...

आफ्नै कार्यकालमा तरेगनाबासीको घरघरमा पानी पुगेको देख्न पाउँदा गौरव महसुस भएको छ।'
दलित जनकल्याण युवा क्लबका विकन परियोजना प्रबन्धक राजेशकुमार लोहनीले चुरे क्षेत्रसँग जोडिएको यस भेगमा भूमिगत पानीको स्रोत सुक्दै गएकाले यो आयोजनाले दिगो समाधान दिने विश्वास व्यक्त गरे।
उनले भने, 'हामीले लहान नगरपालिका र खानेपानी संस्थानसँगको संयुक्त साझेदारीमा सन् २०१८ देखि यहाँको खानेपानी समस्या समाधानका लागि काम गरिरहेका थियौँ। यो आयोजना सम्पन्न हुनु यहाँका दलित र विपन्न समुदायका लागि ठूलो उपलब्धि हो।'
चुरे फेदीमा रहेको यो क्षेत्रमा पानीको सतह घट्दै जाँदा स्थानीय बासिन्दाले लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका थिए। अब आयोजना पूर्ण क्षमतामा सञ्चालन भएसँगै लहानका दुई वटा वडाका बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच सहज हुने भएको छ।

## एभरेष्ट चिनी मिलमा लक्ष्यभन्दा कम...

पर्ने माग गर्दै आएका छन्।
सरकारले किसानका प्रतिनिधिलाई खोज्दै नखोजी एकपक्षीय रूपमा मूल्य निर्धारण गर्दै आएको कुशवाहाको गुनासो छ। यो मूल्य निर्धारण पनि बाली तयार भइसकेपछि किसानलाई कमजोर बनाएर हुँदै आएको उनले धारणा राखे।
यो अवस्थाले खेती बढ्न नसक्दा किसान र उद्योग दुवैलाई मर्का परेको कुशवाहाले जानकारी दिए। 'किसानले उखुको मूल्य प्रतिक्विन्टल ७५० रुपैयाँ माग गरे पनि सरकारले उखुको मूल्य ६२० रुपैयाँ र अनुदान ७० रुपैयाँ गरी ६९० रुपैयाँ कायम गरेको छ। यो बढ्दो खेतीको लागत र आममूल्यवृद्धिको अनुपातमा कम हो', उनले भने।
चिनी उद्योगले उखुको भुक्तानी तौल भएको दुई साता ननाघ्दै दिँदै आएको जनाएको छ। पछिल्लो एक साता (फागुन २७ देखि चैत ५) सम्मको मात्र उखुको भुक्तानी बाँकी रहेको उद्योगका महाप्रबन्धक शुक्लाले बताए। केही दिनभित्रै भुक्तानी गरिसक्ने उद्योगले जनाएको छ।
हालसम्म गत फागुन २६ गतेसम्म तौल भएका २६ लाख ३२ हजार क्विन्टल उखुको एक अर्ब ६२ करोड रुपैयाँ भुक्तानी किसानका बैंक खातामा गइसकेको उद्योगका महाप्रबन्धक शुक्लाले जानकारी दिए। उनका अनुसार यो भुक्तानी रकम एक हजार १७४ किसानले पाएका छन्।




## विद्यार्थीहरू किन भए...

शिक्षक कर्मचारीलाई विद्यार्थीको भविष्य प्रति कुनै चिन्ता नै नरहेको उनीहरूको आरोप छ।
व्यवस्थापन संकाय कक्षा १२ मा अध्ययनरत सन्ध्या चौहान आफूहरूको एक वर्ष बर्बाद हुन लागेको बताइन्। 'प्रायः क्याम्पस बन्द नै रहन्छ। पढाइ राम्रोसँग भएको छैन,' उनले भनिन्, 'कुनै परीक्षा लिएको छैन, प्रि बोर्ड पनि दिन पाएन, अन्तिम परीक्षा बिग्रियो भने एक वर्ष बर्वाद हुन्छ।'
कक्षा १२ का लागि २४ हजार रूपैयाँ शुल्क तिरेको बेकार जान लागेको भन्दै उनले चिन्ता व्यक्त गरिन्।
सोही संकायमा अध्ययन गरिरहेकी पुष्पा यादवले अधिकांश विषयको कोर्ष नसकिएको बताइन्।
विद्यार्थीको जीवनमा खेलवाड गरिएको भन्दै शिक्षा संकायमा कक्षा १२ मा अध्ययनरत अख्तर अन्सारीले क्याम्पसले शुल्क फिर्ता गर्नुपर्ने बताए। 'शुल्क लिएको छ, परीक्षा गराएको छैन, क्याम्पसले परीक्षा शुल्क फिर्ता गर्नुपर्छ,' उनले भने।
यता, शिक्षक, प्राध्यापक परीक्षा हलमा नगएपछि उनीहरू नैतिक प्रति प्रश्न उठेको छ। तर उनीहरूले आफूहरूको मागका सन्दर्भमा क्याम्पस व्यवस्थापन समितिले बेवास्ता गरेकाले बाध्य भएर परीक्षा हलमा नगएको बताए।
कतिपय शिक्षक प्राध्यापकहरूले परीक्षामा गार्ड राखिएकाबारे आफूहरूलाई जानकारी नै नभएको प्रतिक्रिया दिएका छन्।
क्याम्पस प्रमुख रवीन्द्रप्रसाद यादवले शिक्षक प्राध्यापकहरूसँग समन्वय नै नगरेको उनीहरूको भनाइ छ।
हरिखेतान बहुमुखी क्याम्पस कर्मचारी युनियनले १५ वटा र हरि खेतान प्राध्यापक संघले १६ वटा माग राखेर क्रमशः चैत ४ गते र ७ गते क्याम्पस प्रमुख समक्ष माग पत्र पेश गरेका थिए।
क्याम्पसको विधान खारेज गरेर सामुदायिक क्याम्पसको मर्म अनुसार विधान लागू गर्नुपर्ने, क्याम्पसमा क्युएए नवीकरण गर्नुपर्ने, त्रिभुवन विश्व विद्यालयको मापदण्ड अनुसार तलब, सेवासुविधा हुनुपर्ने, वार्षिक ग्रेड सुविधा, सामाजिक सुरक्षा कोष लागू हुनुपर्ने लगायत माग उनीहरूको छ।
क्याम्पसमा ११ वर्षदेखि आइटी शाखामा कार्यरत लाल किशोर प्रसाद पटेलले १७ हजार २५० रूपैयाँ मासिक तलबमा काम गर्नु परिरहेको बताए।
कर्मचारी युनियनले तीन दिने अल्टिमेटम दिएको थियो भने प्राध्यापक संघले माग पूरा नभए चैत ८ गतेदेखि अनिश्चितकालीन हड्ताल आह्वान गर्ने चेतावनी दिएका थिए। मागबारे छलफल समेत नगरेकाले परीक्षा संचालन गर्न नसकिएको प्राध्यापक संघका अध्यक्ष धर्मेन्द्र यादव बताउँछन्। 'मागबारे छलफल नै नभएपनि हामी परीक्षा गराउन तयार थियौं, तर प्रश्न पत्र पाएका थिएनौं,' उनले भने, 'आधा घन्टा ढिलो नै भए पनि परीक्षा सञ्चालन गर्नेबारे छलफल हुँदै गर्दा विद्यार्थी आन्दोलित भए।'
क्याम्पस प्रमुख रवीन्द्र प्रसाद यादवले प्राध्यापक कर्मचारीहरूको असहयोगले परीक्षा सञ्चालन गर्न नसकिएको जानकारी दिए। 'क्याम्पसमा धेरै समस्याहरू एकै पटक आइरहेको छ, व्यवस्थापन समितिसँग छलफल गर्न सकिएको छैन,' उनले भने, 'स्नातक तहको विद्यार्थी प्रयोग गरेरै भए पनि परीक्षा सञ्चालन गर्न लागेका थियौं, कपी उनीहरूले नै बाँडेका हुन्। पछि प्राध्यापकहरू परीक्षा सञ्चालन गर्न तयार हुनुभएको थियो। तर त्यति बेलासम्म माहोल बिग्रिसकेको थियो।'
व्यवस्थापन समितिका कोषाध्यक्ष सुनिल कुमार खेतान आफूले परीक्षा पछि कर्मचारी र प्राध्यापकहरूको मागका बारेमा छलफल गर्ने जानकारी क्याम्पस प्रमुखलाई गराएको बताउँछन्। 'क्याम्पस प्रमुख शनिबार म कहाँ कर्मचारी प्राध्यापकहरूले माग राख्नुभएको छ। उनीहरूसँग बसेर छलफल गरौं भनेर आउनुभएको थियो,' उनले भने, 'क्याम्पसको विषयमा म एक्लैले निर्णय गर्ने होइन। व्यवस्थापन समितिका अन्य पदाधिकारीलाई पनि बोलाउनुपर्ने हुन्छ। परीक्षा सकिएपछि बैठक बसौंला भनेर पठाएको थिए।'
विद्यार्थीसँग खेलबाड नगर्न, तीन-तीन महिनामा परीक्षा सञ्चालन गर्न, रिजल्ट दिन भनेर पटक पटक आग्रह गर्दै आएको भए पनि क्याम्पस प्रशासनले वर्षमा एउटा परीक्षा समेत नलिएको उनको भनाइ छ।
यसैबीच, विद्यार्थीको प्रदर्शनपछि दिउँसो जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको बैठकले तीन बुँदे निर्णय भएको छ। विद्यार्थी, क्याम्पस प्रमुख, क्याम्पस प्रशासन, शिक्षक कर्मचारी प्रतिनीधि, व्यवस्थापन समिति समेतको उपस्थितिमा बसेको बैठकले तीन बुँदे निर्णय गरेको हो।
प्रमुख जिल्ला अधिकारी भोला दहालका अनुसार कलेज प्रशासनले स्थगित गरेको परीक्षा र पठन पाठन पुनः सुरू गर्ने, आइतबार भएको प्रदर्शनमा घाइते भएका विद्यार्थीको उपचार कलेजले गर्ने निर्णय भएको छ।
त्यसैगरी कलेजमा उत्पन्न विभिन्न समस्या र विद्यार्थीले राखेका उचित मागका सम्बन्धमा क्याम्पस व्यवस्थापन समिति, क्याम्पस प्रमुख तथा दुई जना विद्यार्थी प्रतिनीधि समेतको सहभागितामा सोमबार बैठक बसेर निष्कर्षमा पुग्ने निर्णय भएको उनले बताए।
क्याम्पसमा देखिएका समस्याबारे जिल्ला प्रशासन कार्यालय पर्साको ध्यानाकर्षण गराउँदा समेत सुनुवाइ नभएको विद्यार्थी आकाश कुमार गुप्ता बताउँछन्।

## चैती छठ पर्व : आज दोस्रो दिन खरना...

निस्केको पिठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकिया जस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हाति, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन्।
षष्ठीका दिन व्रतीहरुले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्नेछन्।
त्यस्तै सप्तमीका दिन बुधवार बिहान पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई उदाउँदो सूर्यलाई अर्घ दिई चैती छठ पर्व सम्पन्न गर्ने चलन छ।
पौराणिक कथाअनुसार द्रौपदीसहित पाण्डवहरु अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। उक्त समयमा पाण्डवहरु मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ। लोक कथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो।
सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुईयाले छठ व्रत गरेकी थिइन्। फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुवात भएको मानिन्छ। धार्मिक आस्थाका साथसाथै सामाजिक सदभावको रुपमा विकसित छठ पर्व हिन्दुको सँगसँगै मुस्लिमले पनि मनाउने गर्छन्। यस पर्वमा चढाइने पदार्थको संख्या ७० पुऱ्याउनुपर्छ तर चढाउने सामर्थ्य नभएकाहरु गम्हरी धानको चामल मात्र चढाए पनि देउता प्रसन्न हुने जनविश्वास रहेको छ। पछिल्ला केही वर्षयता चैते छठ मान्नेहरूको संख्या पनि बढ्दै गएको छ।


खर्गा दाँत उपचार केन्द्र
अव काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ।
डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# एभरेष्ट चिनी मिलमा लक्ष्यभन्दा कम उखु क्रसिङ

राष्ट्रिय समाचार समिति
*महोत्तरी, चैत्र ८ गते ।*



चालु आर्थिक वर्ष २०८२/८३ को यामामा महोत्तरीको गौशाला नगरपालिका-१ रामनगर स्थित एभरेष्ट चिनी उद्योगले उखु अभाव हुँदा क्रसिङ लक्ष्य हासिल गर्न सकेन । यस याममा ८९ दिन मात्र उखु क्रसिङ गरिएकामा २८ लाख ५३ हजार १७८ क्विन्टल क्रसिङ भएको उद्योगले जनाएको छ ।

उद्योगले राखेको लक्ष्यभन्दा दुई लाख ४७ हजार ८२२ क्विन्टल कम हो । उद्योगले यसयाममा ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेको थियो ।

'हामीले ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेका थियौं, तर उखु पर्याप्त नपाइँदा यो लक्ष्य हासिल गर्न सकेनौं', उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले भने, 'उखुको अभावले कैयौं पटक क्रसिङ रोक्दै चलाउँदै गर्नुपर्‍यो ।' उद्योगले गत पुस ७ गते थालेको क्रसिङ गत बिहीबारसम्म संचालन गरेको थियो ।

उद्योगले पछिल्ला तीन/चार वर्षयता उखुको भुक्तानी प्रक्रिया सरल बनाए पनि उखुखेती बढ्न सकेको छैन । एक दशकअघि १५ हजार बिघामाथि रहेको उखुखेती चार वर्षअघि झरेर पाँच/छ हजार बिघामा खुम्चिएको छ। त्यसअघिका वर्षमा भुक्तानी झन्झटिलो हुँदा खेती गर्न छाड्दै गएका किसानले पछिल्ला तीन वर्षयता यो प्रक्रिया सरल बनाउँदै लगेपछि क्रमशः खेती बढाउँदै लगेका छन् ।

हाल करिब नौ हजार बिघामा उखुखेती हुने गरेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले जानकारी दिए । 'उद्योगले भुक्तानी प्रणाली सरल बनाएपछि खेती गर्ने किसानको संख्या केही बढेको छ, तर मूल्य निर्धारण र अनुदानमा भने किसान समस्यामा छन्', उनले भने, 'यही समस्या समाधान नहुँदा किसानमा उत्साह जाग्न सकेको छैन ।'

उखु किसानका प्रतिनिधि संस्थाले उद्योग, सरकार र आफूसहितको सहभागितामा प्रत्येक वर्ष कात्तिक मसान्तभित्र उखुको मूल्य निर्धारण भइसक्नुपर्ने र अनुदान बढाउन

*- बाँकी पृष्ठ ३ मा*

# छब्बिस वर्षपछि खानेपानी आयोजना संचालन

राष्ट्रिय समाचार समिति
*सिरहा, चैत्र ८ गते ।*

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजले २६ वर्षअघि सुरु गरेको लहान नगरपालिका-१६ स्थित तरेगना खानेपानी आयोजना आईतवारदेखि औपचारिक रूपमा संचालनमा आएको छ । लामो समयदेखि अलपत्र अवस्थामा रहेको उक्त आयोजना विश्व पानी दिवसको अवसर पारेर उद्घाटन गरिएको हो ।

वि.सं. २०५६ मा दुई लाख २५ हजार लिटर क्षमताको 'ओभरहेड ट्याङ्की' निर्माण गरिए पनि बोरिङमा पानी नआउँदा आयोजना अलपत्र परेको थियो ।

गतवर्ष डिभिजन कार्यालयले नेपाल खानेपानी संस्थान लहान शाखालाई बाँकी कामको जिम्मेवारी हस्तान्तरण गरेपछि आयोजनाले गति लिएको हो ।

'वाटर एड' नेपालको आर्थिक सहयोग तथा दलित जनकल्याण युवा क्लब लहान र खानेपानी संस्थानको संयुक्त साझेदारीमा सञ्चालित 'विकन परियोजना'ले करिब ६० लाखको लागतमा एक वर्षभित्र जीर्ण संरचनाको मर्मत र नयाँ बोरिङ जडान गरी आयोजना सम्पन्न गरेको हो ।

नेपाल खानेपानी संस्थान लहानका प्रमुख राकेश गोइतका अनुसार विगतमा गरिएका दुईवटा बोरिङ असफल भएपछि यसपटक दुई किलोमिटर टाढाबाट पानी ल्याइएको छ ।

उनले भने, 'पहिले ट्याङ्की छेउमा गाडिएका डिप बोरिङबाट पानी नआएपछि आयोजना ठप्प भएको थियो । हामीले जिम्मेवारी पाएपछि विकन परियोजनाको सहयोगमा दुई किलोमिटर टाढा नयाँ बोरिङ जडान गरी ट्याङ्कीमा पानी चढाउन सफल भयौं । अहिले २१ घरधुरीबाट वितरण सुरु गरिएको छ भने छिट्टै लहान-१६ र १७ का पाँच सय परिवारमा पाइपलाइन विस्तार गर्ने लक्ष्य छ ।'

आयोजना सुरु गर्न २६ वर्षअघिदेखि पहल गर्दै आएका लहान-१६ का ७२ वर्षीय वडाध्यक्ष गडुलबहादुर जर्घा मगरले आयोजना सञ्चालन भएपछि यहाँका स्थानीयले स्वच्छ खानेपानी उपभोग गर्न पाउने विश्वास व्यक्त गरे ।

उनले भने, '२०५६ सालमा यहाँका नागरिकलाई स्वच्छ पानी खुवाउने सपना बोकेर सङ्घर्षसहित आयोजना ल्याएको थिएँ । प्राविधिक समस्याले गर्दा झण्डै तीन दशक कुर्नुपर्‍यो । आज

*- बाँकी पृष्ठ ३ मा*

# स्थायी शिक्षकको व्यक्तिगत अभिलेख 'डिजिटलाइजेशन'

राष्ट्रिय समाचार समिति
*काठमाडौँ, चैत्र ८ गते ।*

राष्ट्रिय किताबखाना (शिक्षक) ले हालसम्म चालीस हजार स्थायी शिक्षकको व्यक्तिगत अभिलेख 'डिजिटलाइजेशन' गरेको छ ।

किताबखानाले गत आर्थिक वर्षमा २० हजार र चालु आवमा थप २० हजार शिक्षकको व्यक्तिगत अभिलेख 'डिजिटलाइजेशन' गरेको उपमहानिर्देशक दिनेश घिमिरेले जानकारी दिए । उनले यस आवको अन्त्यसम्म थप सात हजार शिक्षकको व्यक्तिगत सोहीअनुसार अभिलेख गर्ने लक्ष्य लिइएको बताए ।

किताबखानाले सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई निवृत्तिभरण, उपदान, उपचार खर्च, सञ्चित बिदाको रकम भुक्तानी, पारिवारिक निवृत्तिभरण, शैक्षिक तथा सन्तति वृत्तिलगायत सुविधाहरू उपलब्ध गराउँदै आएको छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भएबमोजिम अवकाशप्राप्त शिक्षकले किताबखानाबाट पेन्सनपट्टा बनाउँछन् ।

कार्यरत शिक्षक ६० वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश जाने व्यवस्था छ। सो संस्थाले वर्षमा दुई पटक (माघ र वैशाख) शिक्षकको अनुमानित अनिवार्य अवकाशको सूची प्रकाशन गर्दै आएको छ ।

तत्कालीन शिक्षा मन्त्रालयअन्तर्गत विभागस्तरीय कार्यालयको रूपमा स्थापना भएको विद्यालय शिक्षक किताबखाना मुलुकको शासकीयस्वरूप परिवर्तनपश्चात् हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालनमा छ । उपमहानिर्देशक घिमिरेका अनुसार यस आवभित्र दुई हजार ८३ शिक्षकको अवकाश हुँदैछ ।

यसका अलावा किताबखानाले शिक्षकको सिटरोल दर्ता तथा प्रमाणीकरण, नोकरी विवरण अद्यावधिक, उमेर हदका कारण अनिवार्य अवकाश पाउने शिक्षकहरूको नामावली प्रकाशन, वार्षिक तलब विवरण पारित, निवृत्तिभरण कोषको संचालन, सेवा अवधि गणनासम्बन्धी काम, सम्पत्ति विवरण दर्ता, शिक्षकको पदपूर्तिदेखि अवकाशसम्मका कार्य सम्पन्न गर्दै आएको छ ।

शिक्षा मन्त्रालयको शैक्षिक सूचना सँगालो, २०८१ अनुसार आधारभूत र माध्यमिक तहमा स्थायी शिक्षक ८३ हजार ९८९, अस्थायी शिक्षक २९ हजार ६९९ र राहत शिक्षक ३९ हजार ९६२ गरी एक लाख ५६ हजार ६४० शिक्षक सामुदायिक विद्यालयमा कार्यरत छन् ।

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा

राष्ट्रिय समाचार समिति
*काठमाडौँ, चैत्र ८ गते ।*




चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब ११ खर्बको व्यापार घाटा बेहोरेका छ । भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांक अनुसार उक्त अवधिमा कुल १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो ।

पछिल्लो आठ महिनामा १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ ।

गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र पाँच खर्ब ६७ अर्ब ३९ करोड छ । यस अवधिसम्ममा भारतबाट सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र ९८ करोड ३३ लाखको निर्यात हुँदा दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्यान्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग ५० करोड ६५ लाख, नर्वेसँग तीन करोड ३३ लाख र आइसल्यान्डसँग दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ ।

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री